आ.व. २०८२/८३
बैठक संख्या ४

आज मिति २०८२ साल कार्तिक २७ गते बिहिबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | बालिका |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री सफल राई | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |

भण्डारी
अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिकाको बैठकको निर्णयहरु

**प्रस्ताव नं. १ यस गाउँपालिकाको जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (Climate Resilience WASH Plan) तयार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १** नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, कोशी प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय तथा एस.एन.भि. नेपालको सहयोग र सहकार्यमा नेपाल सरकारको दीगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यमा सहकार्य गर्ने उद्देश्यले यस गाउँपालिकाका प्रत्येक घरधुरीमा एक घर एक धारा तथा सुधारिएको र व्यबस्थित सरसफाइ अनि स्वच्छतालाई प्रवर्द्धन गर्नका लागि एकिकृत WASH कार्यक्रम सञ्चालन गर्न **जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना** आवश्यक भएकोले उक्त योजना तयारीको लागि यस आ.व. को खानेपानी, सरसफाइ तथा स्वच्छता शिर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्ने तथा अन्य सरोकार निकायहरुसँग समन्वय तथा सहकार्य गरी यस गाउँपालिकाको जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (Climate Resilience WASH Plan) तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ सहमती पत्रको हस्ताक्षर गर्ने बैठकमा सहभागि हुने सम्बन्धमा ।**

**निर्णय नं. २** यस गाउँपालिकाको जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (Climate Resilience WASH Plan) तयार गर्ने कार्यको लागि कोशी प्रदेश स्तरीय बैठक आगामी मंसिर ४ गते विराटनगर स्थित होटल इस्टर्न स्टारमा हुने भन्ने कोशी प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालयको प. सं. ०८२/८३ च. न. २५३ मिति २०८२/७/२६ को पत्रको निमन्त्रणा अनुसार उक्त बैठकमा सहभागिताका लागि यस गाउँपालिकाबाट गाउँपालिका अध्यक्ष श्री मनोज राई र प्रमुख प्रशासकीय अधिकृत श्री सूर्यबहादुर भण्डारीले सहभागिता जनाउने निर्णय गरियो । साथै जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता

योजना (Climate Resilience WASH Plan) तयार गर्ने समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय समेत गरियो ।

**प्रस्ताव नं. ३** पापानी वाढाङ्मी र सहिद स्मृति दिवसको उपलक्ष्यमा सार्वजनिक विदा सम्बन्धमा ।

**निर्णय नं. ३** विसं.२०३६ सालमा तत्कालीन छिन्ताङ्ग, खोकु र आँखिसल्लामा भएको आन्दोलनमा सहादत प्राप्त हुनुभएका राष्ट्रिय सहिदहरुको स्मृति दिवसमा विसं. २०८२ साल कार्तिक २८ गतेका दिन र सहिदभूमि गाउँपालिकाको छिन्ताङ्ग, खोकु र आँखिसल्लामा बसोबास गर्ने राई समुदायले विशेष रुपमा मनाउने मौलिक पर्व "वाढाङ्मी" को अवसरमा विसं. २०८२ साल कार्तिक ३० र मंसिर १ गते सहिदभूमि गाउँपालिका अन्तर्गतका वडा कार्यालय सबै, सामुदायिक/निजी विद्यालय सबै, स्वास्थ्य चौकी/स्वास्थ्य संस्था सबै, बैंक तथा वित्तीय संस्था सबै, सरकारी तथा गैर सरकारी संघ, संस्था सबैलाई स्थानीय बिदा दिने र सहिदभूमि गाउँपालिका वडा नं ४ र ५ (खोकु ) मा यस अगाडि नै वाढाङ्मी पर्व परेकोले मिति २०८२।०७।२४ का दिन वाढाङ्मी बिदा दिइएको हुँदा उक्त वडामा मिति २०८२।०७।३० गतेमात्र वाढाङ्मी बिदा दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ स्थानीय इन्जिनियरिङ्ग सेवा र स्थानीय स्वास्थ्य सेवामा रिक्त रहेका कर्मचारीहरु स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४** स्थानीय इन्जिनियरिङ्ग सेवा, स्थानीय स्वास्थ्य सेवा र स्थानीय कृषि सेवामा रिक्त रहेका निम्नानुसारका पद स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

| क्र.सं. | सेवा/समूह | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | हेल्थ असिष्टेन्ट | सहायक पाँचौं | १ (एक) | |
| २ | स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | अ.हे.व. | सहायक चौथो | २ (दुई) | |
| ३ | स्थानीय स्वास्थ्य/प.हे.न. | अ.न.मी. | सहायक चौथो | २(दुई) | |
| ४ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | असिष्टेन्ट सव इन्जिनियर | सहायक चौथो | २ (दुई) | |
| ५ | स्थानीय कृषि, ला.पो. एण्ड डे.डे. | पशु सेवा प्राविधिक | सहायक पाँचौ | १ (एक) | |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत